# खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड

(नेपाल सरकारको पूर्ण स्वामित्व भएको)

**प्रधान कार्यालय, भद्रकालीप्लाजा, काठमाडौं**

## अधिकृत बिक्रेता नियुक्तिका लागि सूचना

**पूनः सूचना प्रकाशित मिति : २०८१/१०/०४**

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको "अधिकृत बिक्रेता (डिलर) मार्फत खाद्यान्न बिक्री वितरण गर्ने निर्देशिका, २०८१" को शर्त तथा व्यवस्था अनुसार कम्पनीबाट उपलब्ध हुने सामाग्रीको बिक्री वितरण गर्न इच्छुक व्यावसायिक फर्म, कम्पनी वा संस्थाहरुलाई अधिकृत बिक्रेता नियुक्तिको लागि १५ दिन अर्थात मिति २०८१/१०/१८ गते सम्म कार्यालय समय भित्र यस कार्यालयमा आइपुग्ने गरी तपसिलका कागजातहरु सहित तोकिएको ढाँचामा आवेदन दिन हुन यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल :**

१. अधिकृत बिक्रेता हुन चाहने फर्म वा कम्पनी वा संस्थाहरूले फर्म, कम्पनी वा संस्था दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, गत आ.व. को करचुक्ता प्रमाणपत्र, यस आ.व. को कर बिवरण दाखिला गर्ने म्याद थपको प्रमाणपत्र, मदिरा, खाद्यवस्तु तथा अन्य वस्तुहरू वितरण गर्ने अनुमति प्राप्त गरेको कागजातको छायाँप्रति निवेदन साथ पेश गर्नु पर्नेछ ।

२. अधिकृत बिक्रेता हुन चाहने फर्म वा कम्पनी वा संस्थाहरुले बिक्री वितरणका लागि सामान लिनु पूर्व रकम भुक्तानी वा कम्तीमा ६ महिना म्याद भएको बैंक जमानत दाखिला गर्नुपर्नेछ । समयावधी भित्र भुक्तानी हुन नसकेको अवस्थामा बाँकी रहेका रकममा प्रति महिना १५% को दरले व्याज लाग्नेछ ।

३. बिक्री वितरणका लागि सामान लिनु पूर्व नियुक्त अधिकृत बिक्रेता (डिलर)ले अग्रिम रूपमा रकम भुक्तानी वा कम्तिमा ६ महिना म्याद भएको बैंक जमानत दाखिला गर्नु पर्नेछ । बैंक जमानत दाखिला गरेको अवस्थामा अधिकृत बिक्रेताले बैंक जमानतको म्यादभित्रै बाँकी रकम भुक्तानी गरी सक्नुपर्नेछ अन्यथा कम्पनीले जमानत पेश भएको बैंक मार्फत रकम असुलउपर गरी लिन सक्नेछ ।

४. खाद्यवस्तु वा अन्य बस्तु बिक्री सम्बन्धी प्रतिवेदन कम्पनीले माग गरेको ढाँचामा अधिकृत बिक्रेताले खाद्य व्यवस्था तथा व्यापार कम्पनीलाई त्रैमासिक रूपमा उपलब्ध गराउनु पर्नेछ ।

५. नियुक्ति भएका अधिकृत बिक्रेताले कम्पनीको खाद्यवस्तु अधिकतम बिक्री मूल्यमा नबढ्ने गरी प्रतिस्पर्धी दररेटमा बिक्री गर्नु पर्नेछ । कम्पनीको गोदामदेखि अधिकृत बिक्रेताको गोदाम सम्मको दूरी तथा ढुवानी सहजता समेतलाइ ध्यानमा राखी कम्पनीले सामानको मूल्य तय गर्नेछ ।

६. खाद्यवस्तु बिक्री गरी दिए बापत अधिकृत बिक्रेताले प्राप्त गर्ने बिक्री कमिशन बजार र कम्पनीको अवस्था हेरी कम्पनीले समय समयमा निर्धारण गरेबमोजिम हुनेछ र यस सम्बन्धी सम्पूर्ण अधिकार कम्पनी व्यवस्थापनमा निहित रहनेछ ।

**नोट:** अधिकृत बिक्रेता (डिलरसिप) नियुक्ति सम्बन्धी निर्देशिका, २०८१ बमोजिमको आवेदनको नमुना कम्पनीका वेवसाइट www.fmtc.org.np बाट डाउनलोड गर्न सकिनेछ ।


**खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, बिक्री वितरण विभाग, प्रधान कार्यालय, काठमाडौं**

**फोन नं. : ०१-५३५२७६७, Email: sales@fmtc.org.np**